बकैया गाउँकार्यपालिकाको मिति २०७८।१२।१० गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन परिणाम सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिको संस्थागत क्षमता स्वमूल्याङ्कनको क्रममा प्राप्त प्राप्ताङ्कको सम्बन्धमा छलफल गरि जम्मा प्राप्त प्राप्ताङ्क ५६% लाई अनुमोदन सहित सार्वजानिक गर्ने निर्णय गरियो । साथै उक्त प्राप्ताङ्कलाई जिल्ला समन्वय समिति मकवानपुर, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वागमती प्रदेश र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जानकारी गराउने निर्णय गरियो ।

२. प्रतिबद्धता सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा संस्थागत क्षमता स्वमूल्याङ्कनबाट हाल प्राप्त प्राप्ताङ्कलाई कायम गर्दै सुधार गर्नुपर्ने विभिन्न सूचकहरुलाई सुधार गर्दै आगामी दिनमा स्वमूल्याङ्कन परिणाम वृद्धि गर्ने प्रतिवद्धता सहित निर्णय गरियो ।

३. योजना संशोधन सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा सातौं गाउँसभाबाट छुट्याईएको बजेट मध्ये तपशिल बमोजिमको' योजना आगामी गाउँसभाबाट अनुमोदन हुने गरि संशोधन निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| वडा नं. | साविक योजना | संशोधित योजना |
|---|---|---|
| १ | • आलु विउ उत्पादन (PVS आलु) कार्यक्रम रु. १,००,०००।- | • च्याउको विउ उत्पादन गर्न PDA मिडियम कल्चर र मदर कल्चर तयार गर्ने सम्बन्धी तालिम कार्यक्रम रु. १,००,०००।- |
| २ | • मसलाबाली विस्तार कार्यक्रम रु. २,००,०००।- | • जुरेली गरगरे सिंचाई कार्यक्रम, रु. २,००,०००।- |
| ३ | • खेलकुद व्यवस्थापन रु. २,००,०००।- (३ नं. वडा सिलिङ्ग बजेट ) | • खानेपानी व्यवस्थापन, बकैया-३ रु. २,००,०००।- |
| ४ | • जेष्ठ नागरिक सम्मान रु. २,००,०००।- (४ नं. वडा सिलिङ्ग बजेट ) | • खानेपानी पाईप खरिद बकैया-४ रु. २,००,०००।- |

४. झरना-वकैया वाङ्मय प्रतिष्ठान कार्यविधि, २०७८ सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिका बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक स्थानीय तह भएकाले यस गाउँपालिकाका सबै भाषा, साहित्य, कला तथा संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गर्नुपर्ने कुरालाई आत्मसात् गर्दै भाषा साहित्य, कला, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रको अनुसन्धान एवं मौलिक सृजनाका माध्यमद्वारा समाजोपयोगी कृतिहरु तयार गर्न, गराउन र यस क्षेत्रका विद्वान तथा

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हातिसुडे, मकवानपुर बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

प्रतिभाहरुको सम्मान र कदर गर्ने सम्बन्धमा स्थानीय प्रज्ञा प्रतिष्ठान सम्बन्धी आवश्यक व्यवस्था गर्न वाङ्मय प्रतिष्ठान सम्वन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधान, २०७२ को धारा २२६ उपधारा १ सङ्ग सम्वन्धित अनुसूची-८ को बुँदा नं. २२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (फ) १ र ५ अनुसार यस पालिकामा २०५० सालदेखि भाषा साहित्यको श्रीवृद्धिमा अनवरत रुपमा कृयाशील रहि पालिकाको गौरव बढाउन लागि परेको एक मात्र साहित्यिक संस्था झरना साहित्यिक परिवार मकवानपुर र यस गाउँपालिकाको संयुक्त नाम रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग तयार गरिएको **झरना-बकैया वाङ्मय प्रतिष्ठान कार्यविधि, २०७८** पारित गर्ने निर्णय गरियो ।

**५. "घ" वर्गको व्यवसाय दर्ता सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं. ७ मा रहेको एस.एस.ए.एन. कन्स्ट्रक्सन प्रा.लि. र वडा नं. ६ मा रहेको जुईना जुनेली बस्ती कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले "घ" वर्गको व्यवसाय दर्ताको लागि यस गाउँपालिकामा विभिन्न कागजातहरु सहित निवेदन पेश गरेकोमा यस कार्यलयको "घ" वर्गको व्यवसाय दर्ता सम्बन्धि कार्यविधिको दफा २ बमोजिम उक्त व्यवसायहरु दर्ताको लागि योग्य देखिएकोमा दर्ताको लागि अनुमति दिने निर्णय गरियो।

**६. मतदाता नामावली संकलनका लागि भएको यातायात खर्च भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा निर्वाचन आयोगको "मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८" अन्तर्गत यस गाउँपालिकामा मिति २०७८।०८।१७ गतेदेखि शुरु भई मिति २०७८।०९।०२ गते सम्मको लागि सञ्चालन भएको र उक्त अवधिमा मतदाता नामावलीमा समावेश हुन छुटेका मतदाताहरुको नामावली संकलनका लागि गाउँपालिका कार्यालयको पहलमा बागमती प्रदेश निर्वाचन कार्यालय हेटौंडासम्म लाने ल्याउने कार्य गरिएकोमा सो बापतको यातायात खर्च गाउँपालिकाबाट संचालित योजनाहरुको कन्टेन्जेन्सी रकम मार्फत विविध खर्च लाई प्रभावकारी रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

**७. ढुङ्गा गिट्टी बालुवाको कर संकलन ठेक्का सम्बन्धमाः-**

प्रस्तुत विषयमा गाउँ कार्यपालिकाको मिति २०७८।११।०९ गतेको निर्णय बमोजिम आह्वान गरिएको नदिजन्य पदार्थ उत्खननको ठेक्का प्रकृयामा नियमानुसार सहभागी भई अधिकतम अंक कबोल गरि स्विकृत हुने फर्महरुले सम्झौता पुर्व शत प्रतिशत रकम एकमुष्ठ रुपमा बुझाएमा उक्त फर्मरुहलाई उसले कवोल गरेको अंकको दश प्रतिशत रकम छुट दिने गरी सर्वसम्मत निर्णय गरियो।

**८. खानेपानी बजेट विनियोजन सम्वन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत खानेपानी शिर्षकमा रहेको रकमवाट तपसिल वमोजिमको योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

| क्र.सं. | योजनाको नाम | ठेगाना | बजेट रकम रु. |
|---|---|---|---|
| १ | काउसेखोला खानेपानी | बकैया-२, तीनथुम्के | ३,००,०००।- |
| २ | छतिवन चारघरे टिपकल खानेपानी | बकैया-४, छतिवन | ५०,०००।- |
| ३ | कर्मचुली सुधा खानेपानी मोटर खरिद | बकैया-६, | ५०,०००।- |
| ४ | महादेव डाँडा खानेपानी योजना | बकैया-१ | १,००,०००।- |
| ५ | ढुङ्गेपानी ख्याकु खानेपानी योजना | बकैया-१, बागफल | १,००,०००।- |
| ६ | मुक्तान स्वाँरा नयाँदमार खानेपानी योजना | बकैया-४ | १,००,०००।- |
| ७ | कत्ले खोला सुख्खा टोल खानेपानी इनार | बकैया-७ | १,००,०००।- |
| ८ | बकैया ११ खानेपानी | बकैया-११ | १,००,०००।- |
| ९ | अम्बासलेक झ्याङ्ग्रानी खानेपानी | बकैया-१० | ३,५०,०००।- |
| १० | तीनतले खानेपानी | बकैया-५ | १,५०,०००।- |
| ११ | खानेपानी पाईप खरिद | गाउँपालिका भरि | ६,००,०००।- |

९. बुद्ध मन्दिर स्ल्याब ढलान सम्बन्धमा:-
प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा बुद्ध मन्दिर स्ल्याब ढलानका लागि रु. ९,००,०००।- विनियोजन भई उपभोक्ता समिति मार्फत कार्य गराईएको र मा छुट्याईएको बजेटबाट कामसम्पन्न भईसकेको र उपलब्ध बजेटबाट स्ल्याब निर्माण कार्य अधुरो भएकोले बाँकी काम सम्पन्न गरेको र सो बापतको खर्च प्राविधिक मुल्यांकन गरि उपलब्ध गराईदिनुहुन ३ नं. वडा कार्यालयबाट सिफारिश प्राप्त भएकोमा थप कामको प्राविधिक मूल्यांकन गरि थप रकम उपलब्ध गराउने निर्णय गरियो ।

१०. रुद्रेश्वर पशुपतीनाथ मन्दिर निर्माण सम्बन्धमा:-
प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ३ अन्तर्गत रुद्रेश्वर पशुपतीनाथ मन्दिर निर्माणको लागि गाउँपालिकाबाट बजेट माग भएकोमा उक्त मन्दिर निर्माणका लागि पर्यटन शिर्षकको बजेटबाट रु. ५,००,०००।- उपलब्ध गराई उपभोक्ता समिति मार्फत कार्य गराउने निर्णय गरियो ।

११. एम्बुलेन्स खरिद सम्बन्धमा:-

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

प्रस्तुत विषयमा छलफल गर्दा प्रदेश पूर्वाधार, स्वास्थ्य प्रवर्द्धन तथा कोभिड पुनर्स्थापना साझेदारी कार्यक्रम (स्वास्थ्य क्षेत्र तर्फको संचालन तथा व्यवस्थापन) अन्तर्गत यस गाउँपालिका वडा नं. ९ को लागि एम्वुलेन्स व्यवस्थापन सञ्चालन शिर्षकमा रु. १५,००,०००।- प्राप्त भएकोमा शिखरपुर स्वास्थ्य चौकी व्यवस्थापन समिति मार्फत एम्वुलेन्स खरिद गर्ने र सो को लागि नपुग रकम यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा ठिंगन, मन्थली एम्वुलेन्स सेवाका लागि एम्वुलेन्स खरिदबाट भुक्तानी दिने निर्णय गरियो ।

१२. **सहकारी संस्थाको भाडा भुक्तानी सम्बन्धमाः-**

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका वडा नं. १२ को श्री आदर्श महिला सहकारी भवन भएको स्थानमा ईलाका प्रहरी कार्यालय ठिंगनको भवन निर्माण स्थलको केही भाग पर्ने भएकोले उक्त सहकारी संस्थाको भवन पुनर्निर्माण गर्नु परेको र गाउँपालिकाको आर्थिक सहयोगमा नयाँ भवन वन्दै गरेकोमा हाल उक्त सहकारी संस्था भाडामा बसेकोमा सो सहकारी संस्थालाई गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमको सहकारी संचालन तथा कार्यक्रम खर्च शिर्षकको रु. १,००,०००।- रकम भाडा प्रयोजनका लागि उपलब्ध गराउने निर्णय गरियो ।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हात्तीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner